

पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर ४ गते शुक्रबार ❑ 20 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

गण्डकीमा विपद्पछिको पुनःनिर्माणमा आठ अर्ब बढी लाग्ने अनुमान

पोखरापत्र संवाददाता

पोखरा, ३ मंसिर

गण्डकी प्रदेशमा यस वर्षको मनसुनजन्य विपद्का कारण क्षति पुगेका सडक, पुल, भवलगायत सार्वजनिक संरचनाको पुनःनिर्माणमा रु आठ अर्ब ३७ करोडभन्दा बढी रकम खर्च हुने अनुमान गरिएको छ । यसमा निजी घर, जग्गा, व्यवसाय र कृषि क्षेत्रमा पुगेको क्षति नसमेटिएको गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

कार्यालयका प्रदेश सचिव तीर्थराज चिलुवालले प्राररम्भिक आकलन अनुसार पुनःनिर्माणमा रु आठ अर्ब ३७ करोडभन्दा बढी लाग्ने देखिएपनि विपद् पछिको आवश्यकता मुल्याङ्कनको थप विस्तृत र पूर्ण प्रतिवेदन आउन बाँकी रहेको बताउनुभयो । बाढीपहिरो, डुबानजस्ता मनसुनजन्य विपद् का घटनाबाट यस वर्ष प्रदेशका सात जिल्लाका २० स्थानीय तह प्रभावित भएको उहाँले बताउनुभयो ।

बाढीपहिरोबाट ११ सडक पुल, १५ वटा झोलुङ्गे पुल, १९ विद्यालय भवन, ११ वटा सरकारी भवन र २६ किमि सडकमा क्षति पुगेको उहाँले जानकारी दिनुभयो । "सडक, पुललगायत सार्वजनिक संरचना पुनःनिर्माणमा लाग्ने खर्चको प्राररम्भिक अनुमान मात्र गरिएको छ", उहाँले भन्नुभयो, "अन्य क्षेत्रमासमेत पुगेको क्षतिको पुनःनिर्माण र बाढीबाट विस्थापित घरपरिवारको पुनःस्थापनाका लागि राज्यले ठूलो धनराशि खर्च गर्नुपर्ने देखिएको छ ।" गत असोज ८ देखि ११ गतेसम्मको भारी वर्षापछि निम्तिएको बाढीपहिरोका घटनाले गण्डकी प्रदेशको बागलुङ, पर्वत, म्याग्दीलगायत जिल्लामा ठूलो धनजनको क्षति पुर्याएको थियो । त्यस्तै असोज २५ गते बुढीगण्डकी नदीमा आएको आकस्मिक बाढीले गोरखाका विभिन्न स्थानीय तहलाई प्रभावित पारेको थियो । सोही महिनामा मनाङको हिमलुङ हिमाल आधारशिविरमा हिमपहिरो जाँदा १६ जनाको मृत्यु भएको थियो । गत भदौमा मुस्ताङको लोमान्थाङमा गएको भूकम्पले त्यहाँका २७३ घर तथा संरचनामा क्षति पुगेको थियो । यस वर्षको मनसुनजन्य विपद्मा परी प्रदेशभरमा ३६ जनाको मृत्यु हुनुका साथै तीन जना बेपत्ता रहेको प्रदेश सचिव चिलुवालले जानकारी दिनुभयो । बाढीपहिरोबाट ७३६ निजी घरमा क्षति पुगेको उहाँको भनाइ छ । यस्तै सडक, पुल, भवनलगायत गरी अर्बौंको सार्वजनिक संरचनामा क्षति पुगेको प्रदेश सचिव चिलुवालले उल्लेख गर्नुभयो । बाढीपहिराका कारण सर्यौं घरपरिवार विस्थापित भएको उहाँको भनाइ छ ।

जलविद्युत् आयोजना, पर्यटकीय सम्पदा, सिँचाइ तथा खानेपानी पूर्वाधार, कृषि, पशुपालनलगायत क्षेत्रमा क्षति पगेको उहाँले बताउनुभयो । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुनःनिर्माणमा प्रदेश सरकार एक्लैले मात्र केही गर्न नसक्ने भन्दै सङ्घ सरकारले भोटेकोशी, कालीगण्डकी र बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित विपद्ग्रस्त क्षेत्रमा एउटै प्याकेजमा पुनःनिर्माण सुरु गर्नुपर्ने बताउनुभयो ।

विपद्पछिको पुनःनिर्माण तथा पुनःस्थापनामा तीनै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्ने उहाँको भनाइ छ । प्रदेशको कार्यक्षेत्रभित्र पर्ने भौतिक संरचनाको पुनःनिर्माणका लागि पनि सङ्घ सरकारको सहयोग चाहिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो । संघ सरकारको कार्यक्षेत्रमा पर्ने क्षतिग्रस्त सडक, पुल, भवन, खानेपानी र सिँचाइ पूर्वाधारको तत्काल मर्मत र पुनःनिर्माणका लागि सङ्घ सरकारलाई अनुरोध गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

थोरङ्ला पास हुँदै आठ हजार बढी पर्यटक मुस्ताङ भित्रिए

रासस

मुस्ताङ, ३ मंसिर

चालु वर्षको पहिलो चार महिनामा थोरङ्ला पास हुँदै आठ हजार ६४ जना पर्यटक मुस्ताङ भित्रिएका छन् ।

राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत मनाङ हुँदै उक्त सङ्ख्या मुस्ताङ पुगेको हो । मुस्ताङ हिमालपारिको सानो र मनोरम जिल्ला हो । जिल्ला प्रहरी कार्यालयका अनुसार चालु वर्षको साउनदेखि कात्तिक महिनासम्म स्वदेशी पर्यटक दुई हजार ८४१ र विदेशी पर्यटक पाँच हजार २२३ जना थोरङ्ला पास हुँदै मुस्ताङ भित्रिएको जनाएको छ । राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत आन्तरिक तथा बाह्य पर्यटक लमजुङको बेँसीसहरबाट मनाङ हुँदै समून्द्री सतहको पाँच हजार ४१६ मिटर उचाइको साहसिक पदमार्ग थोरङ्ला पास गरी मुस्ताङको मुक्तिनाथ आइपुग्छन् ।

यो पदमार्गमा बर्सेनि दुई 'सिजन' करिब पाँच महिना मात्र स्वदेशी तथा विदेशी पर्यटकले पदयात्रा गर्ने गर्छन् । जिल्ला प्रहरी कार्यालयले प्रविष्ट गरेको पर्यटकीय विवरणअनुसार चालु वर्षको पहिलो चार महिनामा स्वदेशीतर्फ पुरुष दुई हजार ८०८ र महिला ३३ जनाले मनाङ–मुस्ताङ थोरङ्ला पास गरी मुस्ताङ भित्रिएका हुन् । यसैगरी, विदेशी पर्यटकतर्फ पुरुष तीन हजार ५७ र महिला दुई हजार १६६ जनाले राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गको



थोरङ्ला पास गरी मुस्ताङ भित्रिएका हुन् । बस्यालका अनुसार चालु वर्षको साउनमा १३३, भदौमा ३९९, असोजमा एक हजार ३६८ र कात्तिक महिनामा ६ हजार १६४ जनाले थोरङ्ला पास पदयात्रा गरी मुस्ताङ भित्रिएको बताउनुभयो । चालु वर्षको कात्तिक महिनामा मौसम अनुकूल रहेकाले पहिलो चार महिनाको अनुपातमा सबैभन्दा बढी पर्यटकले थोरङ्ला पास पदयात्रा गरी मुस्ताङ प्रवेश गरेका हुन् । चालु वर्षको असोज ११ गते थोरङ्ला पास क्षेत्रमा भारी हिमपातका कारण पदमार्ग अवरुद्ध हुँदा अपेक्षा गरिएभन्दा निकै कम पर्यटक मुस्ताङ प्रवेश गरेका थिए । मनाङ–मुस्ताङ थोरङ्ला पास पदमार्ग साहसिक पदमार्ग भएकाले विदेशी पर्यटकहरु जोखिमपूर्ण पदयात्रा गर्दै मुस्ताङ भित्रिने गर्छन् । गत असोज ११ गतेको भारी हिमपातले थोरङ् लापास पदमार्ग दुई साता बढी अवरुद्ध हुन पुगेको थियो । थोरङलापास पदमार्ग गर्ने अनुकूल समयमा बेमौसमे हिमपात हुँदा मनाङबाट मुस्ताङ आउने पर्यटकको आवागमन रोकिने पुगेको थियो । मनाङबाट मुस्ताङ आउने अवरुद्ध थोरङ्ला पास पदमार्ग सहज गराउन मुस्ताङ र मनाङका पर्यटन व्यवसाय , सुरक्षाकर्मी र सरोकारवालाले हिउँ पन्छाएर पदमार्ग सहज पार्नुभएको थियो । राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत मनाङ हुँदै थोरङ् ला पास गरी मुस्ताङ भित्रिने स्वदेशी तथा विदेशी पर्यटकले विश्वकै उच्च हिमाली पदमार्गको अन्नपूर्ण हिमाल र आसपासका हिमशङ्खला अवलोकन गर्ने गर्छन् । यो पदमार्गमा हिउँदयाम अघि सेप्टेम्बर, अक्टुबर र नोभेम्बरसम्म थोरङ्लापासा गर्ने पर्यटकको चहलपहल हुने गर्छ । यसैगरी, हिउँदयामपछि अप्रिल, मे र जुनसम्म विदेशी पर्यटकहरु थोरङला पास गरी मुस्ताङ निस्कन्छन् ।

एमालेको राष्ट्रिय भेला सम्पन्नः २१ बुँदे विशेष प्रस्ताव र सङ्कल्प पारित

रासस

काठमाडौं, ३ मंसिर

नेकपा (एमाले)को बिहीबार समपन्न राष्ट्रिय कार्यकर्ता भेलाले लोकतन्त्रको पुनर्बहाली, राष्ट्रिय स्वाधीनताको रक्षा, पार्टीको सङ्गठनात्मक सुदृढीकरण तथा स्थानीय निर्वाचनको तयारीलगायत विषय समेटेर २१ बुँदे समसामयिक विशेष प्रस्ताव र सङ्कल्प पारित गरेको छ ।

दुईदिने भेलाले आगामी स्थानीय, प्रदेश र राष्ट्रियसभा निर्वाचनको पूर्वतयारी गर्ने तथा आवश्यक परे राष्ट्रिय स्वाधीनताको रक्षा र लोकतान्त्रिक प्रक्रियाको पुनर्बहालीका लागि आन्दोलनको तयारी गर्ने निर्णय पनि गरेको छ ।

'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल, सुखी नेपाली हाम्रो गन्तव्य' मूल नाराका साथ आयोजित भेलामा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको थियो । भेलामा देशभर र प्रवासबाट गरी तीन हजार ४१४ प्रतिनिधिको सहभागिता रहेको थियो ।

भेलाले वर्तमान सरकारका कार्य, लोकतन्त्र र संविधानको अवस्था, राष्ट्रिय स्वाधीनता, जनजीविका, बाढीपीडितको पुनःस्थापना, सडक सुरक्षा, अन्तरराष्ट्रिय सम्बन्ध तथा पार्टीको आन्तरिक जीवनका विषयमा धारणा सार्वजनिक गरेको छ । भेलाले २०८२ भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिनका लागि सक्षम न्यायिक आयोग गठन गर्न र घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन पनि भेलाले माग गरेको एमालेका प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिनुभयो । पारित प्रस्तावमा संविधान, सङ्घीयता र संवैधानिक संस्थाको संरक्षण गर्नुपर्नेमा जोड दिँदै प्रदेश खारेजी, संवैधानिक निकायमाथिको हस्तक्षेप तथा राज्यकासंस्थाहरूलाईराजनीतिक स्वार्थअनुसार परिचालन गर्ने प्रयासप्रति आपत्ति जनाइएको छ। जनजीविकाका सवालमा महँगी नियन्त्रण, घरायसी प्रयोजनको विद्युत्मा लगाइएको कर फिर्ता, सुकुम्बासीको उचित व्यवस्थापन तथा व्यवसायीका लागि अनुकूल वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । सार्वजनिक सम्पत्ति, राजनीतिक दलका कार्यालय, निजी सम्पत्ति तथा व्यावसायिक प्रतिष्ठानमा भएको तोडफोड र आगजनीमा संलग्नलाई कारबाही गर्न पनि माग गरिएको छ ।


राष्ट्रिय स्वाधीनता र परराष्ट्र सम्बन्धका विषयमा भेलाले छिमेकी मुलुकसँगको सम्बन्ध सार्वभौम समानता, पारस्परिक लाभ र सम्मानमा आधारित हुनुपर्ने उल्लेख गरेको छ। प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका सन्दर्भमा सीमा समस्या, असमान सन्धि, प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन, व्यापार घाटा, हवाई प्रवेश बिन्दु र लामो समयदेखि रोकिएका परियोजनाका विषयमा स्पष्ट धारणा राख्न आग्रह गरिएको छ। भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै भेलाले बाढीपीडितको तत्काल पुनःस्थापना, पुनर्निर्माण र राहत वितरण प्रभावकारी बनाउन माग गरेको छ । बाढी प्रभावित बालबालिका, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका समस्या प्राथमिकताका साथ सम्बोधन गर्नुपर्नेमा जोड दिइएको छ । बाढीबाट क्षतिग्रस्त पुल तथा सडकको मर्मतसम्भार गरी यातायात सम्पर्कविच्छेद भएका बस्तीलाई जोड्न र वैज्ञानिक अध्ययनका आधारमा बस्ती पुनर्निर्माण गर्न पनि आग्रह गरिएको छ ।

जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको विपत्तिलाई जलवायु न्यायको विषयका रूपमा उठाउँदै अन्तरराष्ट्रिय मञ्चमा नेपालको प्रभावकारी कूटनीतिक भूमिका आवश्यक रहेको प्रस्तावमा उल्लेख छ। त्यस्तै, बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि सडक स्तरोन्नति, सवारीसाधनको गुणस्तर परीक्षण र चालकको सीप तथा अनुशासन कायम गर्न माग गरिएको छ। भेलाले राष्ट्रिय हित, लोकतन्त्र र संविधानको रक्षाका लागि सबै देशभक्त, लोकतन्त्र र संविधान पक्षधर राजनीतिक दल, नागरिक समाज तथा बौद्धिक समुदायसँग संवाद, सहकार्य र जनदबाब सिर्जना गर्न आह्वान गरेको छ । प्रवासी नेपालीको मताधिकार, नागरिकता, लगानी, रोजगारी र सामाजिक सुरक्षासम्बन्धी सरोकार सम्बोधन गर्नुपर्ने उल्लेख गर्दै खाडी क्षेत्रमा कार्यरत नेपाली श्रमिकको सुरक्षा सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । भेलाले पार्टीको आन्तरिक जीवनमा सुधार, शुद्धीकरण र सुदृढीकरणलाई प्राथमिकतामा राखेको छ । त्यसमा पार्टीलाई वैचारिक, सङ्गठनात्मक र भावनात्मक रूपमा एकताबद्ध बनाउने, विगतका कमजोरी सच्याउने र उच्च मनोबलका साथ जनतामाझ जाने प्रतिबद्धता व्यक्त गरिएको छ । पारित प्रस्तावमा युवा पुस्तासँग संवाद र सहकार्य बढाउने, उनीहरूको मनोविज्ञान र सरोकार बुझ्ने तथा पार्टी र आन्दोलनमा प्रभावकारी सहभागिता सुनिश्चित गर्ने उल्लेख छ । पार्टीका नेता तथा कार्यकर्तामा देखिएका विलासी जीवनशैली, जनताबाट टाढिने प्रवृत्ति, आर्थिक तथा आचरणगत विचलन र भ्रष्टाचारप्रति निर्मम हुने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

त्यस्तै, जिम्मेवारीअनुसार जवाफदेही हुने, पार्टी विधान, नियमावली र आचारसंहिताको पूर्ण पालना गर्ने, गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा अन्त्य गर्ने तथा अधिवेशन र बैठकमा स्वस्थ बहस र लोकतान्त्रिक विधिलाई सम्मान गर्ने सङ्कल्प गरिएको छ। आगामी निर्वाचनमा जनता र कार्यकर्ताको भावना तथा निर्धारित विधिअनुसार उम्मेदवार छनोट गर्ने र पार्टीको निर्णयअनुसार उम्मेदवारलाई विजयी बनाउन सम्पूर्ण शक्ति परिचालन गर्ने प्रतिबद्धता पनि भेलाले गरेको छ ।

भेलामा अध्यक्ष ओलीले ' आजका दुई कार्यभार र गर्नुपर्ने १५ काम', वरिष्ठ नेता विद्यादेवी भण्डारीले 'पार्टीमा नयाँ ऊर्जा, उत्साह र आत्मविश्वास सिर्जना गर्ने सङ्कल्प गरौं', उपाध्यक्ष रामबहादुर थापाले 'राष्ट्रिय स्वाधीनता, लोकतन्त्र तथा समृद्धिका लागि सङ्कल्प गरौं' विषयमा सम्बोधन गर्नुभएको थियो ।

त्यसैगरी, उपाध्यक्ष विष्णु पौडेलले एमालेले देश र जनताको पक्षमा गरेका महत्वपूर्ण कार्य प्रस्तुत गर्नुभएको थियो भने महासचिव शङ्कर पोखरेलले पार्टीको शुद्धीकरण, सुदृढीकरण र स्थानीय निर्वाचनको तयारीका विषयमा प्रशिक्षणमूलक सम्बोधन गर्नुभएको थियो ।



युवा पत्रकारिता पुरस्कारबाट सुमन थापा सिञ्जालीमगर सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



युवा पत्रकार सुमन थापा सिञ्जालीमगर मेजर लक्ष्मीप्रसाद-हुमकुमारी गुरुङ एमबिओ बिइएम, सेकेण्ड जिआर युवा पत्रकारिता पुरस्कार-२०८३ बाट सम्मानित हुनुभएको छ ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) कास्कीको संयोजनमा प्रदान गरिने उक्त पुरस्कार मेजर लक्ष्मीप्रसाद र हुमकुमारी गुरुङको वैवाहिक वर्षगाँठका अवसरमा बिहीबार आयोजित कार्यक्रममा प्रदान गरिएको हो । पुरस्कारसँगै उहाँलाई घलेक, नगद राशि रु दश हजार र सम्मान-पत्र प्रदान गरिएको थियो।पत्रकारिता क्षेत्रमापुऱ्याएको योगदान र युवा पत्रकारितामा देखाएको सक्रियताको मूल्याङ्कन गर्दै उहाँलाई पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । फोनिज गण्डकीका इन्चार्ज रुद्र श्रीषमगरको संयोजकत्वमा गठित पुरस्कार छनोट समितिले उहाँको नाम सिफारिस गरेको थियो । समितिमा फोनिज गण्डकीका अध्यक्ष खिमकुमारी गुरुङ, उपाध्यक्ष धनबहादुर गुरुङ (सुमन), फोनिज कास्कीका अध्यक्ष बिनाकुमारी थापामगर र सचिव देविका तामाङ सदस्य रहनुभएको थियो । पुरस्कार ग्रहणपछि सिञ्जालीमगरले सम्मानले पत्रकारितामा थप सक्रिय भएर काम गर्न प्रेरणा मिलेको बताउनुभयो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङले भाषा, संस्कृति, पहिचान र अधिकारका सवाल उजागर गर्न पत्रकारिताको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले आदिवासी जनजाति पत्रकारलाई आफ्नोभाषा,संस्कृतिरपहिचानको संरक्षण तथा प्रवर्द्धनमा थप सक्रिय हुन आग्रह गर्नुभयो । प्रदेश सरकारले गुरुङ र मगर भाषासम्बन्धी विधेयक अघि बढाएको उल्लेख गर्दै उहाँले मातृभाषाको व्यावहारिक प्रयोगमा जोड दिनुभयो । सरकारी कार्यालय तथा सार्वजनिक क्षेत्रमा समेत मातृभाषाको प्रयोग हुनुपर्ने उहाँको भनाइ थियो । पुरस्कार प्राप्त गरेपछि मात्र नभई लामो समयसम्म निरन्तर पत्रकारितामा सक्रिय रहनु महत्त्वपूर्ण हुने उहाँले बताउनुभयो । नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले पत्रकारिता क्षेत्रमा पुरस्कार स्थापना गरी योगदान पुऱ्याएकोमा अक्षयकोषदाता गुरुङ दम्पतीलाई धन्यवाद दिनुभयो । सानो लगानीले पनि पत्रकारिता क्षेत्रमा ठूलो योगदान पुऱ्याउन सक्ने उल्लेख गर्दै उहाँले अक्षयकोषमार्फत पत्रकारलाई प्रोत्साहन गर्ने कार्य प्रशंसनीय रहेको बताउनुभयो । नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष माधव बरालले पत्रकारको क्षमता अभिवृद्धि र प्रोत्साहनका लागि पुरस्कार तथा सम्मानले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो। पुरस्कारका अक्षयकोषदाता मेजर लक्ष्मीप्रसाद गुरुङले विभिन्न क्षेत्रमा अक्षयकोष स्थापना गर्दै आएको उल्लेख गर्दै पत्रकारिता क्षेत्रसँग जोडिन पाउँदा खुसी लागेको बताउनुभयो । पुरस्कार तथा सम्मानले सम्बन्धित क्षेत्रका व्यक्तिलाई प्रोत्साहन मिल्ने भन्दै उहाँले आगामी दिनमा अक्षयकोष वृद्धि गरी पुरस्कार राशि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रमको अध्यक्षता फोनिज कास्कीका अध्यक्ष बिनाकुमारी थापामगरले गर्नुभएको सो कार्यक्रममा फोनिज केन्द्रिय सचिव एमबि आस्थामगर, फोनिज गण्डकी अध्यक्ष खिमा गुरुङ, फोनिजका संस्थापक अध्यक्ष रुद्रबहादुर हितामगर, मगर पत्रकार संघ कास्कीका अध्यक्ष सुरज थापामगर, लगायत अग्रज पत्रकारहरु एवं जातिय संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा तमु विद्यार्थी समिति कास्कीका सदस्यबाट सांस्कृतिक नृत्य प्रस्तुत समेत प्रस्तुत गरिएको थियो ।

सो अवसरमा फोनिज कास्कीका उपाध्यक्ष सुशील श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो भने सचिव देविका तामाङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

'दोस्रो माछापुच्छे आमन्त्रित मैत्रीपूर्ण गल्फ प्रतियोगिता २०८३' हुने

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



खेलकुदको शहर पोखरामा यही मंसिर ५ र ६ गते (नोभेम्बर २१ र २२ तारिख) ' दोस्रो माछापुच्छे आमन्त्रित मैत्रीपूर्ण गल्फ प्रतियोगिता २०८३' आयोजना हुने भएको छ ।

पोखराको मफ्लेरीपाटनस्थित हिमालयन गल्फ कोर्ष र हिमालयन स्पोर्टस म्यानेजमेन्ट प्रा.लिको संयुक्त आयोजनामा उक्त एमेच्योर गल्फ प्रतियोगिता हुन लागेको हो । पोखराको पर्यटन प्रवर्द्धनमा थप टेवा पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको आयोजकले बिहिवार पत्रकार सम्मेलन मार्फत जानकारि दिएको हो । प्रतियोगितामा स्वदेश तथा विदेशका गरी करिब ७० जना महिला तथा पुरुष गल्फरहरूको सहभागिता रहने अपेक्षा गरिएको हिमालयन गल्फ कोर्ष र हिमालयन स्पोर्टस म्यानेजमेन्ट प्रा.लिका प्रवन्धक भुवन गुरुङले जानकारी दिए । जसमा अमेरिकाबाट १५ जना र बेलायतबाट १० जना गैरआवासीय नेपाली (एनआरएन) गल्फर हरूसहित पोखरा, काठमाडौं, धरान र बुटवलका खेलाडीहरूले प्रतिस्पर्धा गर्ने उनले बताए । 'स्टेबल फोर्ड ३/४ ह्याण्डीक्याप' फर्म्याटमा खेलाइने यो प्रतियोगिता शनिबार र आइतबार गरी दुई दिन चल्नेछ । त्यसअघि शुक्रबार खेलाडीहरूले कोर्ष वार्मअप गर्नेछन् । पार ७० को कोर्षमा गल्फरहरूले दुई दिनमा ३६ होल खेल्नेछन् र दुवै दिनको अंकका आधारमा विजेताको छिनोफानो गरिनेछ । नेप्लिज डायस्पोरा स्पोर्टस एण्ड कल्चर क्लब अमेरिकाको मुख्य प्रायोजन तथा गोर्खा ब्रुअरीको सह-प्रायोजनमा हुने प्रतियोगितालाई कास्की जिल्ला गल्फ संघ र गण्डकी प्रदेश गल्फ संघको सहयोग रहेको छ। प्रतियोगितामा ग्रस विजेताले नगद २० हजार नगद र ट्रफी, डिभिजन 'ए' (१-९ ह्याण्डीक्याप): विजेताले नगद २० हजार र उपविजेताले १५ हजार रुपैयाँ तथा ट्रफी, डिभिजन 'बी' (१०-१४ ह्याण्डीक्याप) विजेताले नगद २० हजार र उपविजेताले १५ हजार रुपैयाँ तथा ट्रफी प्राप्त गर्ने नेप्लिज डायस्पोरा स्पोर्टस एण्ड कल्चर क्लब अमेरिकाका अध्यक्ष नारायण गुरुङले जानकारी दिए ।

त्यसैषरी डिभिजन 'सी' (१४-१८ ह्याण्डीक्याप) विजेताले नगद २० हजार र उपविजेताले १५ हजार रुपैयाँ नगद तथा ट्रफी, महिला विधा तर्फ विजेताले नगद १५ हजार र उपविजेताले १० हजार रुपैयाँ तथा ट्रफी प्राप्त गर्नेछन । सिनियर (६० वर्षभन्दा माथि)का विजेताले १५ हजार रुपैयाँ र ट्रफी प्राप्त अध्यक्ष गुरुङले जानकारी दिए । प्रतियोगिताका विशेष विधाहरू: लङ्गेष्ट ड्राइभ, ६० वर्षमाथिको लङ्गेष्ट ड्राइभ विजेता, क्लोजेष्ट टु दि पिन, १८ औं नम्बर होलको सेकेण्ड सटमा क्लोजेष्ट टु दि पिन र १८ औं होलको लङपट विजेताले जनही ५ हजार रुपैयाँ र ट्रफी प्राप्त गर्ने अध्यक्ष गुरुङले जानकारी दिए । प्रतियोगितामा होल इन वान (होल नं. ४, दूरी १४५ यार्ड)का बिजेताका लागि काल्सवर्गद्वारा ५० हजार रुपैयाँ बराबरको गिफ्ट ह्याम्पर प्रदान गरिने गल्फ खेलाडी बालकाशी गुरुङले जानकारी दिइन् ।

पोखरा उद्योग वाणिज्य संघमा दोलखा उवा संघको प्रतिनिधिमण्डल

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

पोखरा र दोलखा उद्योग वाणिज्य संघबीच निजी क्षेत्रका साझा समस्या समाधान,व्यावसायिक साझेदारी एवं पर्यटन प्रवर्द्धनका निम्ति सहकार्यको सहमति भएको भएको छ ।

अध्ययन अवलोकन भ्रमणको क्रममा बिहीबार पोखरा उद्योग वाणिज्य संघ आइपुगेको दोलखा उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलको स्वागतमा आयोजित अन्तर्क्रिया कार्यक्रममा सो सहमति जुटेको हो । पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य गोकर्ण कार्कीले मोफसलमा रहेका उद्योग वाणिज्य संघहरुका समस्याहरु एकैप्रकारको रहेको र ती समस्या समाधानका निम्ति सहकार्य एवं समान धारणा आवश्यक रहेको बताए । पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमले पोखरा उद्योग वाणिज्य संघको संक्षिप्त जानकारी,यसका गतिविधिबारे संक्षिप्त जानकारी दिँदै यस्ता छलफलले सहकार्यको नयाँ ढोका खोल्ने धारणा राखिन् । नेपालका विभिन्न जिल्लाका आफ्नैखाले विशेषता रहेको बताउँदै उनले दोलखा र पोखराले एकअर्काका असल अभ्यासलाई अनुशरण गर्नुपर्ने धारणा पनि राखिन् । दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष सनद थापाले २०३४ सालमा स्थापित दोलखा उद्योग वाणिज्य संघले समग्र जिल्लाको आर्थिक गतिविधि चलायमान बनाउनुका साथै सामाजिक क्षेत्रमा पनि उत्तिकै सहयोग गर्दै आइरहेको बताए ।

नेपाल उद्योग वाणिज्य संघका पूर्व केन्द्रीय सदस्य तथा दोलखा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रामेश्वर मानन्धरले उद्योगी/व्यवसायीका साझा समस्या समाधानका निम्ति नेपाल उद्योग वाणिज्य महासंघले विशेष भूमिका खेल्नुपर्नेमा जोड दिए ।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिनेशचन्द्र बास्तोलाको धन्यवाद र महासचिव सुदीप प्रधानाङ्गको संचालन रहेको कार्यक्रममा दुवै उद्योग वाणिज्य संघका पदाधिकारी एवं कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

आगलागीबाट बालआश्रममा एक करोड बढीको क्षति

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

कास्कीको पोखरा महानगरपालिका-१६ स्थित अन्नपूर्ण आत्मनिर्भर बालआश्रममा बुधबार साँझ भएको आगलागीबाट रु एक करोडभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।

आगलागीबाट बालआश्रमको भवनलगायतका संरचना र विभिन्न सामग्रीमा क्षति पुगेको पोखरा-१६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले जानकारी दिनुभयो ।

आगलागीबाट बालआश्रममा पुगेको क्षतिको पूर्ण विवरण सङ्कलन तथा पुनःस्थापनाका लागि आवश्यक पहल भइरहेको जनाइएको छ ।

आगलागीबाट क्षति पुगेको बालआश्रमको बिहीबार महानगर प्रमुख धनराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत राजन पौडेललगायतले स्थलगत अवलोकन गर्नुभएको छ ।

महानगर प्रमुख आचार्यले बालआश्रमको पुनःनिर्माण तथा आवश्यक व्यवस्थापनका लागि महानगरपालिकाबाट गर्न सकिने सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

पोखरादेखि दैलेखसम्म सेवाको साथ, दुई सय ४४ विद्यार्थीलाई न्यानो साथ

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



सामाजिक सेवाको भावनालाई आत्मसात् गर्दै अघि बढेका लायन्स क्लबहरूबीचको मितेरी सम्बन्धले शिक्षा र बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा थप ऊर्जा प्रदान गरेको छ । लायन्स क्लब अफ पोखरा अन्नपूर्ण र लायन्स क्लब अफ दैलेखबीच कायम भएको मितेरी सम्बन्धलाई सार्थक बनाउँदै दैलेखको डाँडापराजुलस्थित पीपल चौतारा माध्यमिक विद्यालयका २ सय ४४ जना विद्यार्थीलाई न्यानो पोशाक वितरण गरिएको छ ।

विद्यालयमा आधारभूत तहदेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीलाई जाडोबाट बच्न सहयोग पुगोस् भन्ने उद्देश्यले स्विटर र टोपी वितरण गरिएको हो । सोही अवसरमा शैक्षिक क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्ने चार जना विद्यार्थीलाई नगद पुरस्कारसमेत प्रदान गरिएको छ । दैलेखका निमित्त प्रमुख जिल्ला अधिकारी महेन्द्रजंग शाहीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा लायन्स क्लब अफ पोखरा अन्नपूर्णका अध्यक्ष लायन दुर्गाप्रसाद जोजिजुको अध्यक्षता रहेको थियो ।

कार्यक्रममा लायन्स क्लब अफ दैलेखका अध्यक्ष लायन अभिषेक अनुरागले स्वागत मन्तव्य राख्दै मितेरी सम्बन्धले दुई क्लबबीचको आत्मीयता र सहकार्यलाई थप मजबुत बनाएको बताए । विद्यालयका प्रधानाध्यापक नन्दबहादुर केसीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै विद्यार्थीको शैक्षिक तथा व्यक्तिगत विकासमा सहयोग पुऱ्याउने लायन्स क्लबहरूको पहलप्रति आभार व्यक्त गरे । त्यसैगरी, लायन्स क्लब अफ दैलेखका निवर्तमान अध्यक्ष लायन राजु केसीले मितेरी सम्बन्धको महत्व र लायन्स क्लबका सामाजिक गतिविधिबारे चर्चा गर्दै आगामी दिनमा पनि यस्ता सहयोगात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा कक्षा १ का प्रति विक, कक्षा ६ का छपेन्द्र गुरुङ र कक्षा ९ की मनिषा न्यौपानेलाई जनही दुई हजार रुपैयाँका दरले नगद पुरस्कार प्रदान गरिएको थियो । त्यस्तै, कक्षा ७ का रोशन न्यौपानेलाई विशिष्ट पुरस्कारस्वरूप सात हजार रुपैयाँ प्रदान गरिएको थियो । पुरस्कारले विद्यार्थीमा अध्ययनप्रतिको रुचि, लगनशीलता र प्रतिस्पर्धात्मक भावना अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । कार्यक्रममा जिल्ला प्रमुख अनुसन्धान अधिकृत सुन्दरमणि पोखरेल, दुङ्गेश्वर गाउँपालिकाकी उपाध्यक्ष कलवती न्यौपाने, कार्यकारी अधिकृत शमशेर राना, वडा नम्बर ५ का वडाध्यक्ष पर्वलाल शर्मा, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका अध्यक्षलगायतको उपस्थिति थियो ।

कार्यक्रमको सञ्चालन पीपल चौतारा माध्यमिक विद्यालयको पुष्पशान्ति-गोमादेवी पराजुली छात्रवृत्ति कोषका संस्थापक तथा लायन्स क्लब अफ पोखरा अन्नपूर्णका निवर्तमान अध्यक्ष लायन सुकल्याण पराजुलीले गरेका थिए । मितेरी सम्बन्ध केवल दुई संस्थाबीचको औपचारिक सम्बन्ध मात्र नभई एकअर्काको अनुभव, सद्भाव र सेवाभाव साटासाट गर्ने माध्यम पनि हो । पोखराबाट दैलेखसम्म फैलिएको लायन्सहरूको यो सहकार्यले विद्यार्थीका मुहारमा खुसी ल्याउनुका साथै सामाजिक सेवाको भावना भौगोलिक दूरीभन्दा माथि हुन्छ भन्ने सन्देश दिएको छ ।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरिलिअस्

सम्पादकीय

एमाले राष्ट्रिय भेलाको सन्देश पार्टीलाई एकताबद्ध बनाउने

जेनजी आन्दोलनले जबर्जस्ती सत्ताबाट हटाइएको र गत फागुन २१ को निर्वाचनमा नराम्रो धक्का खाएको नेकपा एमालेले पूर्ववत् अवस्थामा फर्किने अठोट गरेको छ। देशभरका झन्डै ३ हजार ५ सय अगुवा नेता-कार्यकर्ता जुटाएर काठमाडौंमा दुईदिने राष्ट्रिय भेला सम्पन्न गरेको एमालेले सिङ्गो पार्टीलाई वैचारिक, साङ्गठनिक र भावनात्मक रूपमा एकताबद्ध, सुदृढ र गतिशील बनाउने जनाएको छ। स्थानीय निर्वाचनको तयारीमा जुट्ने नै भेलाको मुख्य सन्देश र फैसला रहेको छ। 'पार्टीलाई एकताबद्ध राख्दै स्थानीय पार्टीको सिफारिस र योजनामा उम्मेदवार छनोट गरेर स्थानीय निर्वाचनमा जुट्ने अठोट एमालेको छ। भेलाले स्थानीय चुनावको तयारी, आगामी दिनमा एकताबद्ध एमाले तथा लोकतन्त्र र संविधानको रक्षाका लागि आन्दोलनको तयारीमा पार्टी लाग्ने सन्देश दिएको छ। 'पार्टीलाई एकताबद्ध बनाउँदै उच्च मनोबलका साथ अघि बढ्ने र वर्तमान सरकारको निरङ्कुश एवं स्वेच्छाचारी शैलीको विरोधका लागि तयार हुनुपर्छ भन्ने सन्देश हो। असंवैधानिक ढङ्गले अपहरण गरिएको लोकतन्त्र फिर्ता गरिछाड्ने तथा राष्ट्र, लोकतन्त्र र आन्दोलनको हितका लागि अग्रपङ्क्तिमा उभिएर बलिदान दिन हमेशा तयार रहने एमालेले जनाएको छ।

'गत वर्ष बेहोर्नुपरेको धक्कालाई चिर्दै धुलो टक्टक्याउँदै उठ्न, आन्दोलनको पुनरुत्थान गर्न र पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न उच्च मनोबलका साथ अगाडि बढ्नेछौं,' भेलामार्फत पारित विशेष प्रस्तावमा भनिएको छ, 'हामी एउटा लडाइँमा पराजित भएका हौं, सिङ्गो युद्ध हारेका होइनौं। आगामी निर्वाचनमार्फत यस सत्यलाई स्थापित गरिछाड्नेछौं। केन्द्रीय कमिटीका अध्यक्ष ,बरिस्ठ नेतासहितको नेतृत्व देखि पालिका कमिटीका प्रमुख सम्म एउटै थलोमा छलफल गरेर चुनावी तयारीमा जुट्ने सन्देश निष्क्रिय रहेको पार्टी पङ्क्तिलाई सक्रिय बनाउनु हो। विगतमा गरेका कामको जस लिने र कमजोरी स्वीकार्ने काम पार्टीलाई जनतासामु सच्चिने प्रतिबद्धता हो। पार्टीले गरेका ऐतिहासिक कामहरूप्रति गर्व गर्दै कमीकमजोरीहरूलाई बिनामोलाहिजा सच्याउने प्रतिबद्धतासमेत एमालेले गरेको छ। 'सकारात्मकता, नयाँ गति र उच्च मनोबलका साथ अगाडि बढ्नेछौं,' जनतासँगको सम्बन्ध टुटेको निष्कर्ष निकालेको एमालेले भनेको छ, 'हामी जनताको बीचमा जानेछौं। जनताका सुझाव, गुनासा र आलोचना सुन्नेछौं र तिनलाई आत्मसात् गर्नेछौं।' जनतासँगको सम्बन्ध जोड्न युवा पुस्तासँग संवाद गर्ने, उनीहरूको मनोविज्ञान र सरोकार बुझ्ने, सहकार्य गर्ने तथा आन्दोलनमा उनीहरूको सहभागिता र प्रभावकारी भूमिका सुनिश्चित गर्ने दाबी एमालेले गरेको छ। 'हामी जिम्मेवारी लिँदा गरेको शपथग्रहणप्रति हमेशा प्रतिबद्ध रहनेछौं। नैतिक, पारदर्शी, सादा, उद्यमशील, स्वावलम्बी र स्वच्छ आचरणयुक्त जीवन बिताउनेछौं,' एमालेले भनेको छ - 'मुलुकको संविधान, कानुनसँगै पार्टी विधान, नियमावली र आचारसंहिताको अक्षरशः पालना गर्नेछौं। पार्टीमा फैलिन खोजेको गलत प्रवृत्तिप्रति कठोर हुने अठोट लिएको छ। पार्टी पङ्क्तिमा देखापरेका विलासी शैली, औपचारिकता, जनताबाट टाढिने प्रवृत्ति र यान्त्रिकतालाई अन्त्य गर्ने प्रतिबद्धता जनाउँदै एमालेले अबदेखि आफूलाई जनताको सेवकका रूपमा स्थापित गर्ने बताएको छ। जनतासँग नङ्ग मासुको सम्बन्ध बनाउन, 'कतिपय नेता-कार्यकर्तामा देखापरेका आर्थिक तथा आचरणगत विचलन, विकृति र भ्रष्टताप्रति निर्मम हुने प्रतिबद्धता जनाएको छ। स्वच्छ, जनसेवी र भरोसायोग्य अगुवाका रूपमा नेकपा एमाले को छविलाई थप उज्यालो बनाउनेछौं,' विशेष प्रस्तावमा भनिएको छ।

यस्तै, एमालेले निर्वाचनमा निर्धारित विधि एवं जनता र कार्यकर्ताको भावनाअनुरूप स्वस्थ ढङ्गले उम्मेदवार चयन गर्ने जनाएको छ। पार्टीभित्रको गुटबन्दी, अस्वस्थता र नकारात्मकतालाई निषेध गर्ने नीति अवलम्बन गरेको बताउँदै एमालेले आफूलाई लागेका कुरा निर्धक्कताका साथ सम्बन्धित कमिटीमा राख्ने र सार्वजनिक रूपमा पार्टी नीति, निर्णय र नेतृत्वको प्रतिरक्षा गर्ने जनाएको छ। 'असहमतिहरूलाई सम्मान गर्नेछौं। असमझदारी र अस्वस्थता हटाउनेछौं। सबैलाई उचित ढङ्गले जिम्मेवारी बाँडफाँट गर्नेछौं। सिङ्गो पार्टीको ऊर्जालाई एकजुट बनाउन हरसम्भव प्रयत्न गर्नेछौं,' एमालेले भनेको छ। राष्ट्रिय भेलाले पारित गरेको संकल्प व्यवहारमा देखाउन सकेमा जनताको विश्वास जित्न सक्छासबैले सबैको अस्तित्व स्वीकार गर्ने र कुरा काट्ने बानी नहटेसम्म संकल्प र अठोट भेलामै सिमित हुनेछन्।

तपाईको आज

मेष	: मानसिक तनाव	तुला	: झमेला बढ्ने
वृष	: सहयोग मिल्नेछ	वृश्चिक	: शत्रुको भय
मिथुन	: स्वास्थ्यमा सुधार	धनु	: व्यापारमा लाभ
ककर्ट	: शुभ यात्रा	मकर	: अप्रत्यसित लाभ
सिंह	: आर्थिक समस्या	कुम्भ	: शारीरिक झमेला
कन्या	: कार्यमा सफलता	मीन	: सत्कार मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

देवघाटधाम गण्डकी परिक्रमा महोत्सव हुँदै

पोखरापत्र संवाददाता
दमौली, ३ मंसिर

प्रसिद्ध धार्मिकस्थल 'देवघाटधाम' प्रचारप्रसारका लागि छैटौं संस्करणको देवघाटधाम गण्डकी परिक्रमा महोत्सवको तयारी गरिएको छ। आगामी मङ्सिर ७ गते देवघाटधाम गण्डकी परिक्रमा महोत्सव आयोजना गर्न लागिएको हो।

मध्यनेपालको तनहुँ, चितवन र नवलपुर जिल्लामा फैलिएको पवित्र तीर्थस्थल देवघाटधाम र गण्डकी नदीको सङ्गमको पूर्ण पावन ऊर्जा प्राप्त गर्न तथा संसारकै दुर्लभ तीर्थ देवघाटधामको धार्मिक महत्व तथा भौतिक विकासलाई संवर्द्धन गर्दै वैदिक सनातन धर्म र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यले नेपाल सन्त समाजको आयोजना तथा देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समितिको समन्वयमा गण्डकी परिक्रमा महोत्सव गर्न लागिएको हो।

देवघाटधामको पूर्ण परिक्रमा गर्ने गरी सञ्चालन हुने २६ किलोमिटर लामो पदयात्रा महोत्सवमा विगतदेखि व्यापक जनसहभागिता रहँदै आएको छ। महोत्सवका संयोजक फणिन्द्रप्रसाद पौडेलले यस पटक स्थानीय जनजातिको पहिचानसहितको व्यापक सहभागितामा कार्यक्रम सम्पन्न गरिने जानकारी दिनुभयो।

देवघाटधामको बेणी सङ्गमबाट सुरु हुने उक्त गण्डकी परिक्रमा यात्राअन्तर्गत तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गङ्गा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर), दुर्गा पाञ्चायन मन्दिर, चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर मन्दिर), अभय सन्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), राम मन्दिर, लक्ष्मीनारयण मन्दिर, देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रिनाथ मन्दिर) को परिक्रमा गरिनेछ। चितवनतर्फ देवघाट बसपार्कको सङ्कल्पेश्वर हनुमान मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारयण मन्दिर, सीताराम संस्कृत माबि, कन्या गुरुकुल, धर्मदर्शन आश्रम, योगी नरहरिनाथ गौशाला बागेश्वरी मन्दिर, आपँटारी दियालो बज्ञाल चोक, गणेशस्थान, बौद्ध गुम्बा बसेनी, गौरेश्वर शिव मन्दिर पोखराबसपार्क, राजयोग सेवा केन्द्र नारयणगढ, हरिहर मन्दिर नारयणगढ र श्रीराम मन्दिर पुल्चोकको परिक्रमा गरिनेछ।

नवलपुरतर्फ गैडाकोट पुलचोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेदविद्याश्रम, शुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्य दर्शन केन्द्र, श्रीलक्ष्मीनृसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साँढेबगर बौद्ध गुम्बा, भुबराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको छ।

उक्त महोत्सवमा देवघाटधामको पूर्ण परिक्रमा, सिद्ध हरिहर क्षेत्रको भ्रमण, प्रसिद्ध मौलाकाली भगततीको दर्शन, पवित्र नदीहरुको दर्शन, धार्मिक नगरी नारयणगढको भ्रमण, रमणीय पर्वतको परिक्रमा गर्दै वैदिक सनातन धर्म र संस्कृतिको प्रवर्द्धन र प्रचारप्रसार गर्ने योजना रहेको जनाइएको छ।

प्रवासीको सहयोगमा विद्यालय भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ३ मंसिर

बेनी नगरपालिका-६ जामुनाखर्कस्थित आधारभूत विद्यालयको दुई कोठे भवन प्रवासी नेपालीको सहयोगमा निर्माण भएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) बहराइन र नेपाली क्लब अफ बहराइनको सहयोगमा उक्त भवन निर्माण भएको हो। बहराइनबाट रु पाँच लाख सहयोग प्राप्त भएको भवन निर्माणका लागि स्थानीयबासीहरुबाट थप रु दुई लाख चन्दा सङ्कलन भएको विद्यालय व्यवस्थापन समितिका पूर्वध्यक्ष सुवास विश्वकर्माले जानकारी दिनुभयो। भवन निर्माण भएपछि पठनपाठन सहज भएको छ। यसअघि पुरानो र जीर्ण भवनमा पठनपाठन गराउनुपर्ने अवस्था थियो। पक्की एकतले भवल निर्माण भएको हो। कक्षा तीनसम्म पठनपाठन हुने विद्यालयमा हाल १६ जना बालबालिका अध्ययनरत रहेका प्रअ ठाकुरप्रसाद शर्मा पौडेलले बताउनुभयो।

एनआरएनए बहराइन र नेपाली क्लव अफ बहराइनका संस्थापक संरक्षक छविलाल विश्वकर्मा, संरक्षक लालप्रसाद पुन, सल्लाहकार चन्द्र गुरुङ, एनआरएनए बहराइनका उपाध्यक्ष अमृत देवकोटा, सचिव प्रेमराज पौडेलले बुधबार विद्यालय र भवनको निरीक्षण गर्नुभएको थियो।

बेनी नगरपालिका-६ का वडासदस्य राधिका विश्वकर्माको नेतृत्वमा सहयोगी संस्थाका प्रतिनिधिलाई स्वागत र सम्मान गरिएको थियो।

सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-१४ बस्ने देवका वि.क.को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १४ को कित्ता नं. २६५ को क्षेत्रफल ३१७.९ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ११९ र पश्चिम तर्फ कि. नं. २६७ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १४ को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

तनहुँ र नवलपरासी पूर्वको पूर्वाधार विकास अब दमौलीबाट

पोखरापत्र संवाददाता
दमौली, ३ मंसिर

तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको पूर्वाधार विकाससम्बन्धी काम गर्ने गरी दमौलीमा पूर्वाधार विकास डिभिजन कार्यालय स्थापना भएको छ।

व्यास नगरपालिका-४ मा स्थापना भएको कार्यालयले बुधबारदेखि सेवा सुरु गरेको हो।

गत असोज १३ गतेको निर्णयअनुसार पूर्वाधार विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार विकास विभाग मातहत रहने गरी डिभिजन स्थापना गरिएको हो। तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बुधबार कार्यालयको उद्घाटन गर्नुभयो। डिभिजनको कार्यक्षेत्र तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) रहनेछ। कार्यालयले दुवै जिल्लामा वैकल्पिक सहायक मार्ग, रणनीतिक कृषि सडक, पर्यटकीय मार्ग, स्थानीय तहका केन्द्र जोड्ने सडक तथा स्थानीय सडक र पुल निर्माण एवं स्तरोन्नतिको काम गर्ने कार्यालय प्रमुख ढाकाराम आचार्यले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा कार्यालयमार्फत रु ५५ करोडका कार्यक्रम सञ्चालन हुनेछन्। यसमध्ये वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमका लागि रु २ ९ करोड, स्थानीयस्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार परियोजनाका लागि रु १७ करोड र सडक सुरक्षा तथा मर्मतसम्भार कार्यक्रमका लागि रु नौ करोड विनियोजन गरिएको छ।

कार्यालयले पूर्वाधार आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, वातावरणीय अध्ययन, गुणस्तर परीक्षण, ठेक्का प्रक्रिया, भुक्तानी, सुपरिवेक्षण तथा विवाद समाधानलगायतका काम गर्नेछ।

म्याग्दी प्रहरीको 'ब्राबोसेरा' अभियान

पोखरापत्र संवाददाता
म्याग्दी, ३ मंसिर

'वनजन्तु' अवैध चोरीसिकार तथा आपराधिक गतिविधि नियन्त्रण गर्ने उद्देश्यले म्याग्दी प्रहरीले सञ्चालन गरेको 'ब्राबोसेरा' अभियान प्रभावकारी बन्दै गएको छ।

अभियानमार्फत हालसम्म जिल्लाका विभिन्न स्थानबाट इजाजतबिना लुकाईछिपाई राखिएका १७२ थान भरुवा बन्दुक बरामद भएका छन्। अभियानअन्तर्गत बुधबार मालिका गाउँपालिका-५ मगरदाङको घरथोकस्थित वन क्षेत्रमा लुकाएर राखिएका सात थान भरुवा बन्दुक बरामद भएका छन्। इलाका प्रहरी कार्यालय दरवाङबाट खटिएको प्रहरी टोलीले वन क्षेत्रमा खोजतलास गर्ने क्रममा ती बन्दुक फेला पारेको हो। बरामद बन्दुकका सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिनुभयो। यसअघि गत आइतबार पनि सोही वडाको पन्थोकस्थित वन क्षेत्रमा लुकाएर राखिएका पाँच थान भरुवा बन्दुक प्रहरीले बरामद गरिएको थियो। पछिल्लो समय मालिका गाउँपालिकाका विभिन्न वन क्षेत्रमा गरिएको खोजतलासबाट मात्रै १२ थान अवैध बन्दुक बरामद भएका छन्।

म्याग्दी प्रहरीले विसं २०८२ मङ्सिर १५ गतेदेखि अवैध हातहतियार नियन्त्रण गर्न 'ब्राबोसेरा' अभियान सञ्चालन गरेको हो। ढोरपाटन सिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना तथा सामुदायिक वन क्षेत्रमा हुने वन्यजन्तुको चोरीसिकार नियन्त्रण गर्नाका साथै अवैध हतियारको प्रयोगबाट हुन सक्ने आपराधिक घटना न्यूनीकरण गर्नु अभियानको मुख्य उद्देश्य छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक राजन कार्कीका अनुसार वन्यजन्तुको चोरीसिकारमा प्रयोग हुने अवैध बन्दुक आपसी विवाद, झैझगडा तथा अन्य आपराधिक गतिविधिमा समेत प्रयोग हुन सक्ने जोखिम रहेकाले अभियान सञ्चालन गरिएको हो।

प्रहरीले जिल्लाका छ वटै स्थानीय तहका वनजङ्गल, गोठ, खोल्साखोल्सी, रूखका टोड्का, मानिसको बसोबास नभएका पुराना घरगोठ तथा जमिनमुनि लुकाएर राखिएका अवस्थामा बन्दुक फेला पार्ने गरेको छ। स्थानीयवासीबाट प्राप्त सूचना, जनप्रतिनिधिको समन्वय र प्रहरीको खोजतलासका आधारमा अधिकांश हतियार बरामद भएका हुन्। अभियानका क्रममा प्रहरीको खोजतलास र कारबाहीबाट बच्न वनजङ्गलमा वन्यजन्तुको चोरीसिकारका लागि राखिएका बन्दुक छाडेर भाग्ने गरेको पनि पाइएको प्रहरीको भनाइ छ। प्रहरी निरीक्षक तिमिल्सिनाले समुदायको सहयोगका कारण अभियान सफल भइरहेको बताउनुभयो। उहाँले अवैध बन्दुक लुकाएर राखेको स्थानबारे सूचना दिने व्यक्तिको परिचय गोप्य राखिने व्यवस्था रहेको जानकारी दिँदै त्यस्ता हतियारका विषयमा प्रहरीलाई सूचना उपलब्ध गराउन आग्रह गर्नुभयो। कानुनी व्यवस्थाअनुसार प्रशासनबाट अनुमति लिएर व्यक्तिगत सुरक्षाका लागि हतियार राख्न पाइन्छ। तर, इजाजतबिना हातहतियार राख्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र रु ५० हजार सम्म जरिवाना हुने व्यवस्था छ। प्रहरीले अवैध हातहतियार नियन्त्रण, वन्यजन्तुको चोरीसिकार रोकथाम र शान्तिसुरक्षाकायमगर्नेउद्देश्यसहित 'ब्राबोसेरा' अभियानलाई निरन्तरता दिने जनाएको छ। अभियानमा स्थानीयवासीको सूचना र सहयोगलाई महत्वपूर्ण आधार बनाइएको छ।

शिक्षक/कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८३/०८/०४)

श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८३ साल मंसिर ३ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक तथा कर्मचारी नियुक्त गर्न आवश्यक परेकाले योग्यता पुगेका नेपाली नागरिकले यही मंसिर १८ गते अपरान्ह ४ बजे भित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

क्र.स.	पद	तह	विषय	संख्या	न्यूनतम शैक्षिक योग्यता
१.	शिक्षक	मा.वि.	विज्ञान	१	विज्ञान विषय लिई स्नातक वा सो सरह उत्तीर्ण
२.	ल्याबब्वाइ	प्रा.वि.	विज्ञान	१	विज्ञान विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण
३.	कृषि सहयोगी	श्रेणीविहीन		१	सामान्य लेखपढ गर्न सक्ने

तलब सुविधा : मा.वि. र प्रा.वि. तहका लागि नेपाल सरकारको नियमानुसार।
: कृषि सहयोगीका लागि आपसी समझदारीमा तलब सुविधा दिइनेछ।
परीक्षा दस्तुर : मा. वि. का लागि रु. १०००/-, अन्यका लागि रु. ५०० /-
परीक्षा किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने
सम्पर्क मिति : २०८३ साल मंसिर १८ गते
अध्यापन अनुमति पत्र सम्बन्धमा : मा.वि. शिक्षकका लागि सम्बन्धित तहको अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय वाणीज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
(**नोट** : यो आवासीय विद्यालय भएकाले विद्यालयको छात्रावासमा बसेर सहयोग पुऱ्याउनेलाई प्राथमिकता दिइनेछ)

विस्तृत जानकारीको लागि सम्पर्क:
श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय
पोखरा-१४, कास्की
सम्पर्क नं. ९८४६१४७६३६, ९८६६०१०४३६

उद्यमशीलतायुक्त सांस्कृतिक गाउँको यात्रामा बेनीकोट

रासस
दमौली, ३ मंसिर

तनहुँको व्यास नगरपालिका-१३ छापडाँडा भञ्ज्याङस्थित बेनीकोटलाई उद्यमशीलतायुक्त सांस्कृतिक गाउँका रूपमा विकास गरिने भएको छ । कृषि तथा पर्यटन प्रवर्द्धनमार्फत स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने उद्देश्यसहित यहाँ रु एक करोड ५० लाख बराबरको परियोजना सञ्चालन हुन लागेको हो ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत 'उद्यमशीलतायुक्त सांस्कृतिक गाउँ बेनीकोट (कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना)' सञ्चालन हुन लागेको हो । परियोजनामा गण्डकी प्रदेश सरकारले ७५ प्रतिशत अर्थात् रु एक करोड १२ लाख ५० हजार र व्यास नगरपालिकाले २५ प्रतिशत अर्थात् रु ३७ लाख ५० हजार लगानी गर्नेछन् । परियोजना विसं २०८३ कात्तिक १६ गतेदेखि सुरु भई २०८४ जेठ ३० गतेसम्म सञ्चालन हुने व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो ।

परियोजनामार्फत बेनीकोटको भौतिक पूर्वाधार विकाससँगै स्थानीय मौलिक कला, संस्कृति, परम्परागत पेसा, कृषि उत्पादन र पर्यटनलाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । स्थानीय समुदायको सीप, ज्ञान र पहिचानलाई आर्थिक गतिविधिसँग जोडेर गाउँमै रोजगारी तथा उद्यमशीलताको अवसर सिर्जना गर्ने योजना परियोजनामा समेटिएको छ ।

पूर्वाधार निर्माणदेखि पाहुना घरसम्म

परियोजनाअन्तर्गत बेनीकोटमा पर्यटकको आवागमन सहज बनाउने र बसाइलाई व्यवस्थित गर्ने उद्देश्यले स्टोन ट्रेल निर्माण गरिनेछ । त्यस्तै पाहुना घर निर्माण गर्ने तथा कालो सुँगुरको खोर व्यवस्थापन र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

स्टोन ट्रेल र पाहुना घर निर्माणले गाउँमा आउने पर्यटकलाई सहज आवागमन तथा बसोबासको सुविधा उपलब्ध गराउने छ । स्थानीय मौलिकता झल्किने संरचना निर्माणसँगै गाउँको पहिचानलाई पर्यटनसँग जोड्ने लक्ष्य राखिएको छ ।

परम्परागत पेसा र सीपलाई उद्यमसँग जोडिने

लम्सालका अनुसार परियोजनाको अर्को महत्वपूर्ण पक्ष स्थानीय समुदायको परम्परागत पेसा तथा सीप संरक्षण र प्रवर्द्धन हो । यसअन्तर्गत सामुदायिक वनमा बाँस खेती विस्तार गरिनेछ । भुजेल समुदायको परम्परागत पेसा संरक्षण गर्दै बाँसबाट हस्तकलाका सामग्री निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो । त्यस्तै, दलित समुदायको परम्परागत पेसा संरक्षण तथा प्रवर्द्धन र व्यावसायिक मौरीपालनलाई परियोजनामा समेटिएको छ । स्थानीय सीप र स्रोतसाधनको उपयोग गरी उत्पादनमूलक उद्यम विकास गर्ने लक्ष्य राखिएको छ । मौरीपालनमार्फत कृषि तथा पर्यटनसँगै स्थानीय उत्पादनको अर्को आम्दानीको स्रोत विकास गर्ने योजना छ ।

मौलिक संस्कृति र पर्यटन प्रवर्द्धनमा जोड

बेनीकोटलाई सांस्कृतिक गाउँका रूपमा स्थापित गर्न पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटकलाई स्वागत तथा सेवा प्रदान गर्ने आतिथ्यतासम्बन्धी सीप विकास, घरबासको स्तरीकरण र मौलिक कला तथा संस्कृतिको संरक्षण परियोजनाका प्रमुख कार्यक्रम रहेको वडाध्यक्ष वसन्तबहादुर आलेले बताउनुभयो । यसैगरी, स्थानीय सङ्ग्रहालय व्यवस्थापन, मगर समुदायको पहिचान, वेशभूषा तथा सांस्कृतिक पक्षको संरक्षण र प्रचारप्रसारलाई प्राथमिकता दिइनेछ । गाउँको सरसफाइ तथा पर्यटकीय वातावरण सुधारका कार्यक्रम पनि सञ्चालन गरिनेछ ।

कृषि प्रवर्द्धनतर्फ डाग्न खेती विस्तार, स्थानीय रैथाने बाली संरक्षण तथा सिँचाइ व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछन् । स्थानीय भूगोल र सम्भावनाअनुसार कृषि उत्पादनलाई प्रोत्साहन गर्दै व्यावसायिक खेतीको विस्तार गर्ने लक्ष्य राखिएको छ ।

स्थानीय स्रोत, सीप र पहिचानको उपयोग गर्ने लक्ष्य

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले परियोजनामार्फत बेनीकोटको कृषि, पर्यटन, संस्कृति र स्थानीय उद्यमलाई एकीकृत रूपमा विकास गर्ने लक्ष्य राखिएको बताउनुभयो ।

स्थानीय स्रोत साधन र मौलिक पहिचानको उपयोग गरी गाउँको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्य रहेको उहाँको भनाइ छ । उहाँले बेनीकोटको मौलिक पहिचान, संस्कृति र स्थानीय सम्भावनालाई संरक्षण गर्दै आर्थिक गतिविधिसँग जोड्न परियोजनाले सहयोग पुऱ्याउने बताउनुभयो ।

स्थानीय समुदायको परम्परागत सीप, कृषि र पर्यटनलाई एकैसाथ प्रवर्द्धन गर्न सके गाउँको विकाससँगै स्थानीयको आयआर्जनमा पनि सुधार आउने उहाँको अपेक्षा छ ।

हाइकर्स क्लब नेपालको नियमित हाइकिङ कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

स्वास्थ्य र पर्यटनको लागि पदयात्रा भन्ने मूल मन्त्रका साथ क्रियाशील हाइकर्स क्लब नेपालको नियमित हाइकिङ (पदयात्रा) को ७६ औं श्रृङ्खला शनिबार भव्यताका साथ सम्पन्न भएको छ ।

प्रकृतिसँग रमाउँदै शारीरिक तथा मानसिक स्वास्थ्यलाई तन्दुरुस्त राख्ने उद्देश्यले क्लबले आयोजना गरेको उक्त नियमित यात्रामा ३५ जना पदयात्रीहरूको उत्साहजनक सहभागिता रहेको थियो । टोलीले भिमाद नगरपालिका वडा नं. ७ राङरुङ देखि झिंगु राङरुङ सामुदायिक होमस्टे, गणेशपुर, वडा नं. ९ स्थित घान्चल्हुम (रक गार्डेन) देखि सिद्ध गुफा सम्मको करिब १५ किमी दूरी ५ घण्टा लामो पदयात्रा तय गरेको हो । कार्यक्रमका संयोजक तथा क्लबका अध्यक्ष कृष्ण रानाभाटका अनुसार व्यस्त दैनिकीबाट केही समय निकालेर प्रकृतिसँग नजिकिन र ओझेलमा परेका



स्थानीय पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार गर्न क्लबले नियमित रूपमा हरेक महिनाको अन्तिम शनिबार यस्ता कार्यक्रम गर्दै आएको छ । यात्राका क्रममा सहभागीहरूले मनोरम हिमशृङ्खला, प्राकृतिक सुन्दरता र स्थानीय संस्कृतिको अवलोकन गर्नुका साथै पदमार्गमा भेटिएका प्लास्टिकजन्य फोहोरहरूको समेत संकलन तथा व्यवस्थापन गरेका थिए । क्लबका सदस्यहरु तिलक थापा र पितम सेनले नियमित हाइकिङले आपसी भाइचारा बढाउनुका साथै नयाँ ठाउँको पहिचान गर्न मद्दत पुगेको अनुभव सुनाउनुभयो । हाईकिङमा सहभागीहरुलाई भिमाद नपा वडा नं. ९ का अध्यक्ष रनबहादुर थापा, सखेप टोलविकास संस्थाका अध्यक्ष सुमन गुरुङ, सखेप आमा समुहकी अध्यक्ष लोकमाया गुरुङ लगायतको समुहले सामुदायिक भवनमा पुष्प गुच्छाले स्वागत गर्नुका साथै स्थानिय मौलिक संस्कृति प्रस्तुत गरेका थिए ।

आगामी दिनमा पनि आन्तरिक पर्यटन प्रवर्द्धन र वातावरण संरक्षणका सन्देशसहित नियमित हाइकिङ शृङ्खला लाई निरन्तरता दिइने हाइकर्स क्लब नेपालले जनाएको छ । यस स्थानमा क्लबले २०८१ साल चैत्र ३१ गते हाइकिङको ५७ औं श्रृङ्खला सम्पन्न गरेको थियो ।

पूर्वमुख्यसचिव अर्यालविरुद्ध पक्राउ पुर्जी जारी

रासस
काठमाडौं, ३ मंसिर

पूर्वमुख्यसचिव एकनारायण अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को प्रतिवेदनका आधारमा जिल्ला अदालत काठमाडौंद्वारा मलेसियामा वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि भएको ठगी प्रकरणमा अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको सिआइबीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिनुभयो । यसै प्रकरणमा सिआइबीले बुधबार तत्कालीन दुई मन्त्रीसहित छ जना उच्चपदस्थ सरकारी अधिकारीलाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा तत्कालीन श्रममन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वरराय यादव, तत्कालीन सचिव विनोद केसी, सहसचिव राजीव पोखरेल र उमेश दुङ्गाना तथा उपसचिव निर्मला गुरुङ छन् ।मलेसिया जाने नेपाली श्रमिकसँग जोडिएको आर्थिक अनियमितता र विदेशी मुद्रा अपचलनसम्बन्धी प्रकरणमा थप अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ । यसअघि पनि यस प्रकरणमा व्यवसायी कैलाश खड्कासहित चार जना पक्राउ परेका छन् ।

चितुवा र दुम्सीको आतङ्कले किसान चिन्तित

पोखरापत्र संवाददाता
बागलुङ, ३ मंसिर

पछिल्लो नौ महिनामा बागलुङको जैमिनी नगरपालिका-२ दमेकका किसान गङ्गाधर सापकोटासहित पाँच किसानको १२ बोका बाख्रा चितुवाले खायो । दमेकको गौडा, भैंसेखर्क र टापुका २५ घर पशुपालन र खेती पातीमा निर्भर छन् । चितुवा र दुम्सीको आतङ्कले हैरान बनाएको छ ।

चितुवाले सापकोटाको दुई बोका र एक पाठी, स्थानीय रत्न परियारको तीन बोका/बाख्रा, नारायण सापकोटाको दुई, मेहन्द्र हमालको दुई र गङ्गाबहादुर ठकुरीको दुई बाख्रा/पाठामा क्षति पुऱ्याएको छ । जैमिनीको ग्रामीण क्षेत्रमा चितुवा र दुम्सीको बढ्दो आतङ्कका कारण पशुपालन र अन्न बाली सङ्कटमा पर्न थालेको छ । चितुवाले पशुचौपायामाथि आक्रमण गर्न थालेपछि किसानले खर्कमा पशु चराउन छाड्नुपर्ने बाध्यता रहेको सापकोटा बताउनुहुन्छ । "अहिले गौडा, भैंसेखर्क र टापु क्षेत्रमा स्थानीयवासी भए पनि धोद्रे, चिरपानी, खाल्टा, बात्थला र चौडिलालगायत गाउँ रित्तिएपछि चितुवा र दुम्सीको आतङ्क बढ्न थालेको हो," सापकोटाले भन्नुभयो, "हाम्रो गाउँमा बसाइँसराइ छैन छिमेकी गाउँ रित्तिँदा खेतबारी झाँडी बनेपछि चितुवा र दुम्सी गाउँ पस्न थाल्यो ।" किसानले बारीमा पुगेर बाँदरलाई धपाउन सक्ने भए पनि चितुवा र दुम्सीसँग केही नलागेको उहाँको भनाइ छ । चितुवाले खर्कमै पुगेर चर्दै गरेका बाख्रा आक्रमण गर्ने र दुम्सीले खेतीबाली नष्ट गर्ने गरेपछि किसान थप समस्यामा परेको अर्का बाख्रापालक किसान रत्न परियारले गुनासो गर्नुभयो । उहाँले चितुवा लखेट्ने कुकुर जैमिनी नगरपालिकासँग माग गरेको बताउनुभयो ।

आठ वर्षदेखि पशुपालन व्यवसायमा संलग्न गङ्गाधर सापकोटाले सुरुमा २० वटा गाई र २७ वटा बाख्रा पाल्दै आए पनि अहिले बाख्राको सङ्ख्या घटाउँदै आएको बताउनुभयो । जैमिनी नगरपालिकामा बसाइँसराइ उच्च रहेपछि बाँझो जग्गा बढ्दा बाँदर, चितुवा र दुम्सीले बाँकी रहेका स्थानीयलाई समस्यामा पारेको छ । जैमिनी नगरपालिकामा बसाइँसराइ बढ्नेपछि झाडी विस्तार भएको छ । त्यसले किसानलाई समस्या पारेको छ । जैमिनी नगरपालिकाबाट बसाइँसराइ गरेर जानेको सङ्ख्या बढी रहेको जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश पाण्डेले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय
गण्डकी प्रदेश, पोखरा

लोकल्याणकारी विज्ञापनमा सहभागी हुनका लागि सञ्चारमाध्यमहरुलाई सूचीकृत गर्न दरखास्त आह्वान गरिएको प्रेस रजिष्ट्रारको कार्यालयको सूचना

प्रकाशित मितिः २०८३।०८।०४

सञ्चारमाध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि सूचीकृत गर्ने प्रयोजनार्थ गण्डकी प्रदेश भित्रका सञ्चारमाध्यमहरुलाई गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८२ को अनुसूची-२ को ढाँचामा एक्काईस (२१) दिनभित्र दरखास्त दिन यो सूचना प्रकाशन गरिएको छ । लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२ यस कार्यालयको वेबसाईट pro.gandaki.gov.np मार्फत प्राप्त गर्न सकिने छ ।

(१) गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ को उपदफा (२) को अनुसूची-२ बमोजिमको निवेदन साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) प्रचलित कानून वमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून वमोजिम लिइएको इजाजतपत्र वा अनुमतिपत्र नविकरण भएको प्रमाण,

(ग) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

(घ) अघिल्लो आर्थिक वर्ष (आ.व.२०८२/०८३) को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

(च) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबुलबाट प्रसारण भएको प्रमाणपत्र,

(छ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाईटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा पैतालिस अंक प्रकाशन भएको स्वघोषणा पत्र र अनलाईन सञ्चारमाध्यमको हकमा नियमित रुपमा अध्यावधिक भएको भएको स्वघोषणा तथा प्रमाण,

(ज) यस कार्यालयमा गत आ.व.२०८२/०८३ मा सूचीकृत नभएका सञ्चार माध्यमहरुले सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,संस्थाको स्थायी लेखा नंम्बर (एब्ल) प्रमाणपत्रको प्रतिलिपि र संस्थाको विधान/प्रबन्धपत्र/नियमावलीको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

(२) दरखास्त प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, पोखरा वा कार्यालयको इमेल-pro.gandakilokkalyankari@gmail.com मार्फत तोकिएको म्याद भित्र कागजातहरु स्क्यान गरी पठाउन सकिनेछ ।

(३) म्याद नाघी आएका वा रीत नपुगेका निवेदन उपर कुनै कारबाही हुने छैन ।

(४) यस सूचनामा उल्लिखित बिषयमा यसै बमोजिम र उल्लेख नभएका अन्य बिषयका हकमा लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२ बमोजिम हुनेछ । थप जानकारीका लागि मोबाइल नं. ९८४६०३७५५८ मा सम्पर्क गर्न सकिने छ ।

गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी पन्ध्र (१५) दिने सूचना

प्रकाशित मिति : २०८३/०८/०४ (पोखरापत्र राष्ट्रिय दैनिक)

यस सहकारीको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र यस संस्थाको कार्यालय पोखरा ३० खुदी ढुंगेपाटनमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा आव्हान गरिन्छ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको (१६) औं दिनमा हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था को कार्यालय पोखरा ३० खुदी ढुंगेपाटनमा दिनको २:०० बजे खोलिनेछ । बोलपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलिपल्ट बोलकबल गर्न सकिने छ ।

सहकारीको नाममा रहेको गैर बैंकिङ सम्पतिको विवरण

कास्की जिल्ला अर्घौ गा.वि.स वडा न. २ स्थित कि. न. ४९९१ को क्षेत्रफल २-७ -०-० जग्गा

शिलबन्दी सम्बन्धी शर्त बन्देजहरु

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस संस्थाको नाममा खिचिएको कुनै पनि बैंकको सक्कलै चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरुमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्थालाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पति सकार गर्ने व्यक्ति संस्थाले बाँकी रकम सहकारीले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्थामा नबुझाए धरौटि बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ ।
४. गैर बैंकिङ्ग सम्पतिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने छ ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्ति दा.खा. रजिष्ट्रशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैंले तिर्नुपर्नेछ ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था को कार्यालय पोखरा ३० खुदी ढुंगेपाटनमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

गोप्य शिलबन्दी खोलिने मिति : २०८३/०८/२१ गते, सोमबार
समय दिनको २ : ०० बजे
स्थान : हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था को कार्यालय पोखरा ३० खुदी ढुंगेपाटन, कास्की

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९, ५०४०६१